अर्थतन्त्र

सुनचाँदीको भाउ

छापावाल सुन : १,९१,३००
चाँदी : २१६५

(प्रतितोला सोमबीस)

LITMUS CABLES
QUALITY मा NO. 1
NEPAL'S LARGEST MANUFACTURER OF WIRES CABLES CONDUCTORS
+977-9801914455

सुनचाँदीमा विलासिता कर, उपभोक्तामा थपियो भार

यादव आचार्य | *गुलरिया*

सरकारले आगामी आर्थिक वर्षको बजेट वलव्यमार्फत सुनचाँदी तथा हीरा पत्थरका गरगहनाको व्यवसायमा गरेको करको थप व्यवस्थाप्रति बर्दियाका सुनचाँदी व्यवसायीहरूले विरोध जनाएका छन्। अघिल्लो वर्ष १० लाख रुपैयाँभन्दा माथिको गरगहनामा मात्र लागू गरिएको विलासिता कर आर्थिक वर्ष०८२/८३ देखि सीमा नतोकी सम्पूर्ण गहनामा लागू गरिएको भन्दै सुनचाँदी व्यवसायीहरू आक्रोशित बनेका छन्।

नेपालमा सुनचाँदीका गरगहना विलासिताका वस्तु नभई जन्मदेखि मृत्युसम्म कुनै न कुनै रूपमा गच्छेअनुसार उपभोग गरिने संस्कृति परम्परा र सामाजिक रीतिरिवाजको अभिन्न हिस्साको रूपमा रहेको नेपाल रत्न तथा आभूषण महासंघका केन्द्रीय सदस्य प्रेमकुमार स्वर्णकारले बताए।

'सुनचाँदी नगद सरहको सम्पत्तिको रूपमा रहेकाले विलासिताको कोटामा नपार्न हाम्रो अनुरोध छ', उनले भने। सरकारले लागू गर्न खोजेको नयाँ कर संरचनाले उपभोक्ता माथि २ देखि १३ प्रतिशतसम्मको प्रत्यक्ष आर्थिक भार थप्ने भएकाले सुनचाँदी बजारमा महँगी थपिने चिन्ता उनको छ।

सुनचाँदी माथि लागू गरेको विलासिता करले भारतीय बजारभन्दा नेपाली बजारमा सुनको मूल्य ४ प्रतिशतले बढी हुन जाने भएकाले व्यापार मन्दी रहेको नेपाली बजार थप प्रभावित हुने उनले अघ्पछाए। सुनचाँदी तथा हीरा पत्थरजडित गहनाको कारोबारमा पिर्ता बिक्री ग्यारेन्टी अनिवार्य भाएको बजार कायम राख्न बिक्री मूल्य र खरिद मूल्यमा कमभन्दा कम फरक हुनुपर्ने बर्दिया सुनचाँदी व्यवसायी संघका अध्यक्ष हर्कमान सुनार बताउँछन्। करको नयाँ नीतिले पिर्ता बिक्री ग्यारेन्टीमा ठूलो बाधा पुयाउने चिन्ता व्यक्त गर्दै उनले भने, 'सुनको अर्काासिदो मूल्यले सुनचाँदी बजारमा

ग्राहक नहुँदा सुनसान रहेको बर्दियाको गुलरियास्थित एक सुनचाँदी पसल। ● यादव आचार्य

- करले भारतीय बजारभन्दा नेपाली बजारमा सुनको मूल्य ४ प्रतिशतले बढी हुन जाने भएकाले व्यापारमा मन्दी
- नयाँ कर संरचनाले उपभोक्ता माथि २ देखि १३ प्रतिशतसम्मको प्रत्यक्ष आर्थिक भार थपिने लिझिचत

पहिल्ये मन्दी ल्याइसकेको अवस्था छ। अझ कर वृद्धिको व्यवस्थाले थप मन्दी सिर्जना हुने निश्चित छ।' यसका कारण लाखौं व्यवसायी तथा कालीगड र मजदुरको रोजगारी र जीविकोपार्जन धराशायी हुने खतरा बढेको छ। जिल्ला प्रशासन कार्यालय बर्दियामार्फत व्यवसायीले संयुक्त रूपमा प्रधानमन्त्री समक्ष ज्ञापनपत्रसमेत बुझाएका छन्।

नेपाल सुनचाँदी व्यवसायी संघ बर्दिया र बर्दिया सुनचाँदी व्यवसायी संघले प्रमुख जिल्ला अधिकारी समक्ष ज्ञापनपत्र बुझाउँदै सुनमा लगाइएको २ प्रतिशत विलासिता कर र बहुमूल्य हीरा पत्थरमा १३ प्रतिशत भ्याट खारेज गरिनुपर्ने माग राखेका छन्।

सुनको भन्सार ६ प्रतिशत कायम गर्नुपर्ने सुनचाँदीको कारोबारको लागि प्रस्ट नीति नियमावली निर्माण गर्नुपर्ने लगायतका माग्हरू राखी सुनचाँदी व्यवसायी विरोधमा उत्रिएका नेपाल सुनचाँदी व्यवसायी संघ बर्दियाका अध्यक्ष विष्णुकुमार सुनारले बताए। उनले भने, 'सुनचाँदीको कारोबारलाई दीर्घकालीन रूपमा प्रोत्साहित गर्न चाँडोभन्दा चाँडो ऐन, नियम तथा नीतिहरू निर्माण गरिनुपर्छ।'

कर संरचना परिवर्तन गर्नुपूर्व मौजुदा व्यवसाय, रोजगारी तथा बजारमा पर्ने दुरगामी प्रभावहरूको विस्तृत अध्ययन गरेर मात्र करको दायरा हेरफेर गर्दै निर्यात हुवानीमा २ दशमलव ५ प्रतिशत टीडीएस लाग्ने व्यवस्था खारेज गर्नुपर्ने अध्यक्ष सुनारले बताए। आफ्हरूको माग पूरा नभए थप सशक्त आन्दोलनमा उत्रने उनको चेतावनी छ।

व्यवसायीले बुझाएको ज्ञापनपत्र बुझ्दै बर्दियाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले तत्काल मन्त्रालयमा पठाउने प्रतिबद्धता व्यक्त गरे।

भाथाधामको ५० लाख बजेट, काम सुरु नहुँदै फ्रिज हुने अवस्थामा

क्रान्ति साह | *वीरगन्ज*

पर्सा‌को प्रमुख धार्मिक एवं पर्यटकीयस्थल भाथाधाममा रहेको दुग्धेश्वर महादेव मन्दिरको स्तरोन्नतिका लागि मधेस प्रदेश सरकारले उपलब्ध गराएको ५० लाख रुपैयाँ फ्रिज हुने अवस्थामा पुगेको छ।

मधेस प्रदेशको पर्यटन मन्त्रालयले भाथाधाममा रहेको दुग्धेश्वर महादेव मन्दिरको स्तरोन्नतिका लागि चालु आर्थिक वर्ष २०८१/८२ को बजेटमा ५० लाख रुपैयाँ विनियोजन गरेको थियो। उक्त रकम मन्त्रालयले वीरगन्जस्थित पर्यटन विकास कार्यालयमा निकासा गरिसकेको छ। तर चालु आर्थिक वर्ष सकिन अब एक महिनामात्रै बाँकी रहँदासमेत भाथाधाम स्तरोन्नतिको काम सुरु नै हुन सकेको छैन।

यसका कारण अब बाँकी रहेको एक महिनामा काम सुरु गरेर सक्ने सम्भावना क्षीण हुँदै गएकाले प्रदेश सरकारले उपलब्ध गराएको रकम फ्रिज हुने अवस्थामा पुगेको हो।

मधेस प्रदेशको पर्यटन मन्त्रालयले भाथाधाममको दुग्धेश्वर महादेव मन्दिरमा भव्याङ्ग (सिँढी), रेलिङ, प्रतीक्षालयलगायतका संरचना निर्माण तथा स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ पर्यटन विकास कार्यालय वीरगन्जमा पठाएको हो।

उक्त बजेट आएको ६ महिना बितिसकेको र अहिले चालु आर्थिक वर्ष सकिन एक महिनामात्रै समय रहँदासमेत काम सुरु नै नभाएको पटेर्वा सुगौली गाउँपालिकाका अध्यक्ष दिनेश चौधरीले बताए।

गाउँपालिका अध्यक्ष चौधरी बजेट फ्रिज हुने अवस्था पुरनुमा

पर्यटन विकास कार्यालय वीरगन्जकी प्रमुख बबिता जयसवालले आरोप लगाउँछन्। प्रमुख जयसवाल भने भाथाधाम र मन्दिर राष्ट्रिय निकुञ्जभित्र रहेकाले निकुञ्जले अनुमति नदिएका कारण काम सुरु गर्न नसकेएको बताउँछिन्।

GREEN DRIVE
GLOBAL AUTO LOAN
FIXED INTEREST RATE STARTING FROM 8.25% p.a.
Global IME Bank
GLOBAL CONNECT Call Us. +977-1-5970600
globalconnect@gib.com.np

यामाहा नेपालद्वारा सेल्स प्रतिभालाई सम्मान

काठमाडौं (अन्नपूर्ण) : यामाहा नेपालले टु ह्वियलरको सेल्स एक्सलेन्सलाई पहिचान गर्न र यसको उत्सव मनाउन देशभरका यामाहा डिलरबीचको आन्तरिक प्रतिस्पर्धा, नेसनल सेल्स स्किल कन्टेस्ट २०८२ आयोजना गरेको छ।

२५ जेठमा आयोजित यस कन्टेस्टले देशभरका शीर्ष बिक्री पेसेवरहरूलाई एकै ठाउँमा ल्याएको थियो। यसले तीव्र क्षेत्रीय प्रतिस्पर्धाहरूमार्फत नेसनल फाइनलमा आफ्नो स्थान हासिल गरेका थिए।

यामाहा नेटवर्कभित्र बिक्री क्षमताको मूल्यांकन र सुधार गर्ने

उद्देश्यले आयोजना गरिएको यो प्रतियोगिता अटो बोसिक्स, उत्पादनको ज्ञान, प्रतिस्पर्धाको जानकारी, बिक्री प्रक्रिया, भाइभा र उत्पादन प्रदर्शन गरी ६ वटा मुख्य विधामा आधारित थियो। पोखरास्थित भौएडब्लू इन्टरप्राइजेजका समुन्द्र पंगेनीले ३० हजार, लालबन्दीको एलएस इन्टरप्राइजेजकी प्रमिला श्रेष्ठले २० हजार र सल्लाघारीको द ह्विल्सका विकास रञ्जितकारले १० हजार रुपैयाँ जितेका छन्।

NEPAL ELECTRICITY AUTHORITY
Engineering Services Directorate,
Project Development Department,
Durbarmarg, Kathmandu.

Invitation for Electronic Bids

Date of publication: 12th June, 2025

Nepal Electricity Authority invites the following Electronic bid from eligible bidders for Project Development Department under National Competitive Bidding.

S.No.	Name of the office	Tender Number	Description of works/job
1.	Engineering Services Directorate, Project Development Department, Durbarmarg, Kathmandu.	NEA-ESD-PDD-ST-2081/82-01	Supply & Delivery of 4WD Double Cab Pick-up.
2.	Engineering Services Directorate, Project Development Department, Durbarmarg, Kathmandu.	NEA-ESD-PDD-ST-2081/82-02	Supply & Delivery of Electric Vehicle.

please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details.

Notice Regarding the extension of time for vendor listing

The deadline for the vendor listing notice published on 8th Jestha 2082 in **"Annapurna National Daily"** has been extended to 7th Shrawan 2082 to notify interested bidders and sufficient coverage of vendors.

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Member of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel. 01-5513880, Toll Free No. (NTC) 16609148000, Toll Free No. (Ncell) 18102166000, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
उत्तम बैंकिङ्ग सेवाका लागि, मुक्तिनाथ विकास बैंक लि.

INVITATION FOR SEALED BIDS

Sanima Bank invites sealed bids from interested insurance companies for insurance of vehicles of Sanima Bank and Sanima Capital.

For more details, please visit **https://www.sanimabank.com** or contact Bank's General Service Department, Head Office, Naxal, Kathmandu.

"Scan Me for More Details"

The bank reserves the right to accept partly or reject any or all bids without assigning any reason whatsoever.

SanimaBank www.sanimabank.com

Alakapuri, Naxal, Kathmandu | Tel No.: 01-5970033 | Email: sanima@sanimabank.com

इनड्राइभले खोल्यो काठमाडौंमा कार्यालय

काठमाडौं (अन्नपूर्ण) : इनड्राइभले काठमाडौंमा कार्यालय उद्घाटन गरेको छ। यो इनड्राइभको स्थानीय ड्राइभर पार्टनर्सप्रति समर्पण, स्हरभरि राइडहरूका लागि सेवाको गुणस्तर बढाउने, कम्युनिटी इनिसिएसनलाई सशक्त बनाउने र प्रतिबद्धतालाई सुदृढ पार्ने एउटा प्रमुख कदम हो। नयाँ कार्यालयले ड्राइभर पार्टनर्सलाई सशक्त बनाउने र समग्र इनड्राइभ अनुभव सुधार गर्ने उद्देश्यले विभिन्न सेवाहरूका लागि केन्द्रका रूपमा काम गर्नेछ।

काठमाडौंस्थित नयाँ कार्यालयले ड्राइभर कम्युनिटीको सशक्तीकरण, राइडरहरूको अनुभव सुधार र स्थानीय स्तरमा सेवालाई अझ प्रभावकारी बनाउने उद्देश्य बोकेको छ। यस कार्यालयमार्फत इनड्राइभले अब ड्राइभर सपोर्ट, सौप विकासका लागि तालिम कार्यक्रमहरू, समुदाय तथा सुरक्षा-केन्द्रित अभियानहरू, साथै स्थानीय आवश्यकताअनुसार अनुकूलित मार्केटिङ र साझेदारी कार्यक्रमहरू सञ्चालन गर्ने जनाइएको छ।

सुनको मूल्य १३ सयले बढ्यो

काठमाडौं (अन्नपूर्ण) : एक तोला सुनको मूल्यमा १ हजार ३०० रुपैयाँले वृद्धि भाएको छ। नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार बुधबार एक तोला सुनको मूल्य १ लाख ९१ हजार ३०० रुपैयाँ कायम भाएको हो।

मंगलबार एक तोला सुनको मूल्य १ लाख ९० हजार रुपैयाँ कायम भाएको थियो। महासंघका अनुसार बुधबार चाँदीको मूल्य स्थिर छ। अघिल्लो दिन तोलाको २१ सय ६५ रुपैयाँ पुगेको चाँदी बुधबार पाँच सोही मूल्यमा कारोबार भइरहेको छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गजेन्द्र नारायण सिंह अस्पताल
राजविराज, सप्तरी

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०८२।०२।२९ गते

उपरोक्त सम्बन्धमा यस अस्पतालबाट मिति २०८२।०२।०२ गते अन्नपुर्ण पोष्ट दैनिक पत्रिका प्रकाशित सूचना अनुसार आर्थिक प्रस्ताव खोल्ने सूचना तथा www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना supply, Delivery and Installtion of Digital Colposcope with thermocoagulator (GNSH/SAPTARI/GOODS/NCB-10/081/082) अनुसार मिति २०८२।०२।०९ गते खोलिएका आर्थिक प्रस्तावहरुमध्ये न्यनूतम मूल्याङ्कित श्री जि.एच.मडिहेल्थ कन्सर्न प्रा.लि.भत्तपुर रु 3720420(मु.अ.क.बाहेक)मा सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ जानकारी गराईन्छ साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

प्रमुख मेडिकल सुपरिटेण्डेण्ट

iNi cinemas NEXT CHANGE

NB Center, New Baneshwor • Lotus Mall, Gongabu Ruspark • Retwel City Center, Retwel • Simara Business Center, Simara
Showtime & Inquiries: +977- 9802319400/444 • marketing@inicinemas.com • inicinemas.com

नेपाल विद्युत प्राधिकरण
ढल्केबर ग्रिड महाशाखा

लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०८२/०२/२९
लिलाम बिक्री बोलपत्र नं.: DGD-2081/082-16

नेपाल विद्युत प्राधिकरण, ढल्केबर ग्रिड महाशाखा अन्तर्गतको ढल्केबर सबस्टेशनको स्वीचयार्डमा केबुल प्रयोग गरी बांकी रहेको खाली फसामे केबुलका डुमहरु बेकम्मा र उपयोग विहिन अवस्थामा रहेकोले लिलाम बिक्री गर्नुपर्ने भएकोले जे जरुरी अवस्थामा रहेको छ,सोही अवस्थामा लिलाम बिक्री गर्ने यो सूचना प्रकाशित गरिएको छ।

बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नु परेकोले सो मालसामानहरु खरिद गर्न इच्छुक व्यक्ति,कम्पनी वा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ एकतिसौं दिनभित्र रु.१५,००/०० (अक्षरुपी पन्ध्र सय मात्र) फिर्ता नहुनेगरी नगद बुझाई विद्युतीय माध्यमबाट बोलपत्र प्रस्ताव पेश गर्नुहुन आह्वान गरिन्छ। प्रस्तुत विषयमा विस्तृत जानकारी ने.वि.प्रा.को website: nea.org.np or www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ वा यस महाशाखाको फोन नं.०४९ ५६०२२९ मा सम्पर्क गरी बुझ्न सकिनेछ।